# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असार २४ गते, २०७७ साल (अतिरिक्ताङ्क ७

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको ऐन नं. ७

**स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन**

<u>प्रस्तावना</u>ः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा समसामयिक सुधार गर्न वाञ्छनिय भएकोले,
प्रदेश नं ५ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७७" हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ को उपदफा (२) मा संशोधनः</u>** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (२) मा रहेका "र अनुसूची" भन्ने शब्दहरु झिकिएका छन्।

३. **<u>मूल ऐनमा दफा १४क. थप गर्नेः</u>** मूल ऐनको दफा १४ पछि देहायको दफा १४ क. थप गरिएको छः-

"**<u>१४ क. अनुसूची हेरफेर गर्न सक्नेः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम पाइरहेको सुविधामा मर्का नपर्ने गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।"

४. **<u>मूल ऐनको अनुसूचीमा संशोधनः</u>** (१) मूल ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८) को खानेपानी तथा सरसफाई सुविधा वापत वडाध्यक्षको कोलममा भएको "२०००" भन्ने अङ्क झिकिएको छ।

(२) मूल ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ९) को मर्मत

संभार र विद्युत/उर्जा खर्च सुविधा वापत वडाध्यक्षको कोलममा भएको "२०००" भन्ने अङ्क झिकिएको छ ।

(३) मूल ऐनको अनुसूचीको खण्ड (ख) को उपखण्ड (अ) को नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८) को खानेपानी तथा सरसफाई सुविधा वापत वडाध्यक्षको कोलममा भएको "५०००" भन्ने अङ्क झिकिएको छ ।

(४) मूल ऐनको अनुसूचीको खण्ड (ख) को उपखण्ड (अ) को नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ९) मर्मत संभार र विद्युत/उर्जा खर्च सुविधा वापत वडाध्यक्षको कोलममा भएको "५०००" भन्ने अङ्क झिकिएको छ ।

(५) मूल ऐनको अनुसूचीको खण्ड (ख) को उपखण्ड (आ) को महानगरपालिका/उपमहानगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८) खानेपानी तथा सरसफाई सुविधा वापत वडाध्यक्षको कोलममा भएको "५०००" भन्ने अङ्क झिकिएको छ ।

(६) मूल ऐनको अनुसूचीको खण्ड (ख) को उपखण्ड (आ) को महानगरपालिका/उपमहानगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ९) मर्मत संभार र विद्युत/उर्जा खर्च सुविधा वापत वडाध्यक्षको कोलममा भएको "५०००" भन्ने अङ्क झिकिएको छ।

प्रमाणीकरण मितिः २०७७/०३/२४

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय